बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरूको नाममा बिटौरी जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०८३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०८३।०६।२३

संवत् २०८३ सालको गठन आदेश (नेराप) नम्बर ३

नेपाल राज्यभरका विभिन्न क्षेत्रमा नाप नक्सा हुन नसकेको, सो जग्गा सरकारी ऐलानी वन क्षेत्र भनी कहीं कतै उल्लेख नभएको, जग्गा नाप जाँच हुँदा स्ववासी वा बहाल बिटौरीमा विवाद परी नाप जाँच कार्य बीचमा स्थगित हुन गएकोले सो सम्बन्धमा उठेको समस्या समाधान गरी जग्गा दर्ता सम्बन्धी निर्णय गर्न नेपाल सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी समिति गठन गरी त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि तोक्ने सम्बन्धमा देहाय बमोजिमको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरूको नाममा बिटौरी जग्गा दर्ता गर्ने सम्बन्धी समिति गठन आदेश, २०८३" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिम गठित समिति सम्झनुपर्छ।

३. **समितिको गठन** : (१) नेपाल राज्यभर बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरूको नाममा बहाल बिटौरी जग्गा दर्ता गर्ने सम्बन्धी देहायबमोजिमको समिति गठन हुनेछ :-

(क) प्रमुख भूमि प्रशासन अधिकृत, भूमि प्रशासन कार्यालय - अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन वा इलाका प्रशासन कार्यालय - सदस्य

(ग) प्रमुख/नापी अधिकृत, नापी कार्यालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, बिटौरी जग्गा रहेको स्थानीय तह - सदस्य

(ङ) भूमि प्रशासन कार्यालयको बरिष्ठ कर्मचारी - सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकताअनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नको लागि समितिका अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा तीन जना सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ।

(४) समितिको बैठकमा समितिले आवश्यकताअनुसार सम्बन्धित विषयका विज्ञ र जानकारहरूलाई आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकार</u>** : समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) जग्गा दर्ताको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ख) बिटौरी निवेदन उपर स्थानीय तह, नापी तथा भूमि प्रशासन कार्यालयबाट छानबिन भई दर्ताका लागि सिफारिस साथ समितिसमक्ष पेस भएको विषयमा आवश्यक छानबिन गरी सम्बन्धित व्यक्ति वा संस्थाका नाममा दर्ता गर्न मिल्ने नमिल्ने यकिन गर्ने,

(ग) छानबिनको क्रममा बिटौरी रसिद, नक्सापास, मिलापत्र, लिखत लगायत निर्माण सम्पन्न प्रमाणपत्र आदि माग गर्ने। समितिले छानबिनको क्रममा थप प्रमाण कागजात आवश्यक देखेमा त्यस्तो प्रमाण कागजात सम्बन्धित व्यक्ति वा संस्थाबाट पेस गर्न लगाउने,

(घ) पेस हुन आएका प्रमाण कागजातबाट बिटौरी घर जग्गा निवेदकको बसोबास रहे भएको प्रमाणित भएमा त्यस्तो जग्गा रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम मूल्याङ्कनको दश प्रतिशत राजस्व समेत लिई सम्बन्धित निवेदकको नाममा दर्ता गर्ने निर्णय गरी निर्णय बमोजिम स्रेस्ता, पूर्जा, नक्सा र फिल्डबुक तयार गरी सम्बन्धित नापी कार्यालय र भूमि प्रशासन कार्यालयमा लेखी पठाउने,

(ङ) बिटौरी जग्गामा कुनै व्यहोराले अधिकार प्राप्त गरी भोग चलन गरी आएका व्यक्ति वा संस्थाका हकमा त्यस्तो अधिकार प्राप्तिको प्रमाणका आधारमा घर जग्गामा बसोबास गरी आएका व्यक्ति वा संस्थाको नाममा दर्ता गर्न मिल्ने देखिएमा दर्ता गर्ने निर्णय गरी निर्णयबमोजिम दर्ताको लागि सम्बन्धित नापी कार्यालय वा भूमि प्रशासन कार्यालयमा लेखी पठाउने।

५. **निवेदन सम्बन्धी व्यवस्था** : (१) बिटौरी जग्गामा बसोबास गरी आएका व्यक्तिहरूले समितिले तोकेको म्याद भित्र समितिमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने निवेदनसाथ देहायका कागज प्रमाण संलग्न गर्नु पर्नेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) बसोबास गरी आएको जग्गाको नक्सा र फिल्डबुकको प्रतिलिपि, स्थानीय तहले प्रदान गरेको बिटौरी रसिद,

(ग) स्थानीय तहले भोग र तत्कालिन बसोबास यकिन गरी जग्गा दर्ताको लागि गरेको किटानी सिफारिस,

(घ) स्थानीय तहले गरिदिएको नक्सा पास, निर्माण सम्पन्न प्रतिवेदन,

(ङ) अदालतबाट भएको मिलापत्र, भूमि प्रशासन कार्यालयको लिखत, बैङ्क तथा वित्तीय संस्थाले गरेको लिलाम वा लिलाम सकारनामा,

(च) समितिले आवश्यक देखेका कागजात तथा प्रमाण।

६. **समितिको कार्यविधि** : दफा ५ बमोजिम जग्गा दर्ताका लागि पर्न आएका निवेदन उपर समितिले देहाय बमोजिम प्रमाण सङ्कलन तथा छानबिन गर्नु पर्नेछ :-

(क) घर वा जग्गाको भोग सम्बन्धमा स्थानीय तहमा बुझ्ने,

(ख) भोग सम्बन्धमा समितिबाट डोर खटाई स्थलगत सरजमिन तथा निरीक्षण गर्ने,

(ग) छानबिनको क्रममा कुनै व्यक्तिलाई बुझ्न आवश्यक देखिएमा सात दिनको म्याद दिई कार्यालयमा झिकाउने र बयान लिने,

(घ) हकदाबी सम्बन्धमा विवाद भएमा पैँतिस दिने सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) बिटौरी रसिद भए सोको प्रतिलिपि पेस गर्न लगाउने,

(च) त्यस्तो घर जग्गामा आफ्नो हकभोग रहेको प्रमाणित गर्न सहयोग पुग्ने अन्य कुनै प्रमाण भएमा सो प्रमाण कागजात पेस गर्न लगाउने,

(छ) बिटौरी जग्गा रहेको स्थानमा कुनै प्लानिङको कार्य भई बसोबास गराइएको देखिए उक्त प्लानिङको स्वरूपमा नबिग्रने गरी कार्य गर्ने,

(ज) अन्य आवश्यक प्रमाण बुझ्ने।

७. **समितिको कार्यालय** : समितिको कार्यालय सम्बन्धित जिल्लाको बिटौरी जग्गा रहेको क्षेत्र हेर्ने भूमि प्रशासन कार्यालयमा रहनेछ।

८. **समितिको कार्यक्षेत्र** : समितिको कार्यक्षेत्र बिटौरी जग्गा रहेको भूमि प्रशासन कार्यालयको क्षेत्र हुनेछ।

९. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिलाई आवश्यक पर्ने कर्मचारीहरू सम्बन्धित भूमि प्रशासन कार्यालय र नापी कार्यालयमा कार्यरत कर्मचारीमध्येबाट आवश्यकताअनुसार खटाउनु पर्नेछ।

१०. **निर्णय कार्यान्वयन, प्रमाणित तथा बरबुझारथ** : (१) समितिबाट तयार भएको निर्णय, माइन्यूट, नक्सा, फिल्डबुक र निर्णय मिसिल लगायत अन्य कागजात जिम्मा लिने, सम्बन्धित निकायमा बुझाउने र प्रमाणित गर्ने कार्य समितिको सदस्य-सचिवबाट हुनेछ।

(२) समितिको कार्य सम्पन्न भएपछि तयार भएका नक्सा, फिल्डबुक नापी कार्यलायमा र माइन्यूट, स्रेस्ता, अन्य कागजात तथा जिन्सी सामानहरू सम्बन्धित भूमि प्रशासन कार्यालयमा बुझाउनु पर्नेछ। यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य समितिको सदस्य-सचिवको हुनेछ।

११. **समितिको कार्यावधि** : समितिको कार्यावधि संवत् २०८४ साल असार मसान्तसम्म हुनेछ।